# अजयमेरु गाउँपालिका उपाध्यक्ष श्री बसन्ती पाल ज्यू ले
# अजयमेरु गाउँसभा समक्ष पेस गर्नु भएको
# आर्थिक बर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम



**अजयमेरु गाउँपालिका**

**भद्रपुर, डडेल्धुरा**

**२०८३**

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्य ज्यूहरु,**

१.अजमयेरु गाउँपालिकाको गाउँसभाको २० औं अधिवेशनको तेस्रो बैठकमा उपाध्यक्षको हैसियतले आर्थिक बर्ष २०८३/०८४ को अजयमेरु गाउँपालिकाको बजेट तथा कार्यक्रम बक्तव्य प्रस्तुत गर्न पाउँदा गौरवान्भित अनुभुति गरेकी छु।

२. सामाजिक न्याय, लोकतान्त्रिक मूल्य, नागरिक अधिकारको रक्षा र प्राप्तिका लागि विभिन्न काल खण्डहरूमा भएका जनआन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान वीर शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनको क्रममा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने आदरणीय नेताहरू, आ-आफ्नो ठाउँबाट योगदान गर्नु हुने दिदी बहिनी तथा दाजुभाई प्रति सम्मान व्यक्त गर्दछु। घाइते योद्धा, बेपत्ता नागरिकहरू प्रति उच्च सम्मान र शीघ्र स्वास्थ लाभको कामना गर्दछु।

३. समृद्व अजयमेरु निर्माणको लागि सुशासनको मार्गमा अगाडी बढ्न संविधानको निर्दिष्ट अर्थ व्यवस्थाको आधार निर्माण गर्नु जरुरी छ।

४. गाउँपालिकाबाट विगतमा सुरु गरिएका सुधारात्मक कार्यका उपलब्धीहरुलाई संस्थागत गर्दै गाउँपालिकाको आवश्यकतालाई दृष्टिगत गरी आर्थिक क्रियाकलापहरुलाई गतिशिल बनाउन आवश्यक ठानेकी छुँ। संविधानले परिकल्पना गरे अनुसार समृद्ध गाउँपालिका निर्माणका लागि आर्थिक तथा सामाजिक विकासका सबै क्षेत्रका सुधार आवश्यक देखिएको छ।

५. वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान–२०७२ स्थानिय सरकार संचालन ऐन–२०७४, चालु आवधिक योजनाहरु स्थानीय सरकारका विगत नौ वर्षका अनुभव,

आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम, गाउँपालिका अध्यक्ष, तथा गाउँ सभाका सदस्यहरुबाट प्राप्त सुझाव तथा प्रचलित ऐनकानुनहरुलाई प्रमुख आधार बनाएकी छु। सभाका विषयगत समिति संघीय र प्रदेश सरकार, राजनीतिक दल, गैरसरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र, सञ्चार क्षेत्र लगायत आम गाउँपालिकाबासीबाट प्राप्त सल्लाह सुझावलाई समेत प्राथमिकतामा राखेकी छु।

**अध्यक्ष महोदय,**

अब म स्थानीय सरकार गठनका नौ वर्षका केही मुख्य मुख्य उपलब्धीहरु संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

- प्रत्येक नागरिकले करिब आधा घण्टाको दूरीभित्र आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी स्वास्थ्य संस्थाहरू स्थापना तथा सञ्चालन गरिएका छन्। साथै, दीर्घरोगको समयमै पहिचान र व्यवस्थापनका लागि प्रत्येक वर्ष नियमित स्वास्थ्य शिविर सञ्चालन गर्दै स्क्रिनिङ सेवा प्रदान गर्ने तथा आवश्यक निःशुल्क औषधि वितरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ।
- गाउँपालिकालाई पूर्ण खोपयुक्त पालिकाको रूपमा कायम राख्दै पूर्ण संस्थागत प्रसूति सेवाको सुनिश्चितता गरिएको छ। साथै नागरिकको सहज स्वास्थ्य पहुँचका लागि आयुर्वेद सेवासमेत सञ्चालनमा ल्याई स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाइएको छ।
- कृषि क्षेत्रमा गरिएको लगानीको प्रतिफलस्वरूप तरकारी, फलफूल, दलहन तथा पशुजन्य उत्पादनहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि भई तिनको व्यवस्थित बजारीकरणमार्फत कृषकहरूको आयआर्जनमा उल्लेखनीय सुधार भएको छ।
- अनार, केरा लगायतका व्यवसायिक फलफूल बालीहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पकेट क्षेत्र विस्तार, प्राविधिक सहयोग तथा आवश्यक पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ।
- व्यावसायिक आलु तथा तरकारी खेती प्रवर्द्धन, साना सिँचाइ कार्यक्रमको विस्तार तथा तरकारी पकेट क्षेत्रहरूको विकासमार्फत कृषिजन्य उत्पादन वृद्धि गरिएको छ। उत्पादित कृषि उपजको समयमै संकलन, ढुवानी तथा

बजारीकरणमा सहजीकरण गर्न कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएको छ, जसले कृषकहरूको बजार पहुँच र आम्दानी अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याएको छ।

- पालिकाको कुल जनसङ्ख्या मध्ये ९५ प्रतिशतभन्दा बढी नागरिकको पहुँचमा विद्युत सेवा विस्तार भई उज्यालो तथा आधुनिक जीवनशैली तर्फ महत्वपूर्ण प्रगति हासिल भएको छ।
- पालिकाका सबै वडाका केन्द्र तथा प्रमुख बस्तीहरूमा बाह्रै महिना सञ्चालनयोग्य सडक सञ्जाल विस्तार भई आवागमनलाई सहज, सुरक्षित तथा नियमित बनाइएको छ।
- पालिकाको केन्द्र लगायत चार वडामा बैंकिङ सेवा बिस्तार भएको छ।
- संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्य तथा आफ्नै लगानीमा विद्यालयहरूमा घेरबार, भवन निर्माण, ICT, बिज्ञान प्रयोगशाला, पुस्तकालय तथा अन्य आवश्यक शैक्षिक पूर्वाधार विकासका कार्यहरू सम्पन्न गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार गरिएको छ।
- विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूको आवश्यकता, औचित्य र स्रोत-साधनको प्रभावकारी उपयोगलाई मध्यनजर गर्दै तह मिलान तथा शैक्षिक पुनर्संरचनाको कार्य सम्पन्न गरिएको छ।
- पशुपालन क्षेत्रको आधुनिकीकरण तथा व्यावसायीकरणका लागि कुखुरापालक कृषकलाई जैविक सुरक्षा सामग्री वितरण, पशुसेवा घुम्ती शिविर सञ्चालन, भैंसी गोठ निर्माण, बाख्रा विकास कार्यक्रम तथा कृत्रिम गर्भाधान (AI) प्रविधि विस्तार गरिएका छन्।
- "एक गाउँ, एक सार्वजनिक ठाउँ "अभियान अन्तर्गत गाउँपालिकाका ६ वटै वडामा नागरिकहरूको विश्राम, मनोरञ्जन तथा सामुदायिक गतिविधिका लागि पार्क निर्माण गरिएको छ। साथै, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनुका साथै महत्वपूर्ण सार्वजनिक स्थलहरूमा सौर्य बत्ती जडान गरी सुरक्षित, आकर्षक र वातावरणमैत्री सार्वजनिक पूर्वाधारको विकास गरिएको छ।

- विभिन्न गैरसरकारी संस्थाहरूसँग समन्वय गरी उद्यमशीलता विकास तालिम सञ्चालन गर्दै महिलाहरूलाई उद्यम तथा स्वरोजगारसँग आबद्ध गर्ने कार्यलाई निरन्तरता दिइएको छ। साथै स्थानीय स्तरमा उपलब्ध हुने मुला, अमला, कोईरालो, खुर्सानी, लसुन, अदुवा तथा मासुको अचार लगायतका स्थानीय उत्पादनको प्रशोधन र मूल्य अभिवृद्धि सम्बन्धी सीपमूलक तालिम सञ्चालन गरिएको, महिलाहरूलाई व्याण्डबाजा वितरण गरिएको तथा युवाहरूलाई ड्राइभिङ तालिम उपलब्ध गराई आयआर्जन र रोजगारीका अवसरहरू अभिवृद्धि गरिएको छ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई सेवाग्राहीमैत्री बनाउँदै लाभग्राहीको घरदैलोमा पुगेर भत्ता वितरण तथा आवश्यक सहजीकरण गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ।
- उत्कृष्ट विषयगत शाखा, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, उपभोक्ता समिति, जनप्रतिनिधि, वडा कार्यालय तथा विद्यार्थीहरूलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै उत्कृष्ट कार्यसम्पादनको कदर र उत्प्रेरणाको वातावरण सृजना गरिएको छ। साथै वडा अध्यक्षहरु, विषयगत शाखा प्रमुख, स्वास्थ्य संस्था प्रमुख तथा विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार सम्पन्न गरी नतिजामुखी सेवा प्रवाहलाई सुदृढ बनाइएको छ।
- अजयमेरु गाउँपालिकाको प्रमुख पर्यटकीय तथा ऐतिहासिक सम्पदाको रूपमा रहेको अजयमेरुकोटको संरक्षण, उत्खनन तथा पुनर्निर्माण कार्य प्रारम्भ भई यस क्षेत्रलाई महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने आधार तयार गरिएको छ। साथै उक्त सम्पदालाई विश्व सम्पदा सूचीमा समावेश गर्न आवश्यक पहल गरिएको छ।
- स्थानीय सरकार सञ्चालनका लागि निर्माण तथा कार्यान्वयन गर्नुपर्ने १२८ वटा ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा, पारित तथा कार्यान्वयन गरी संस्थागत सुशासन, सेवा प्रवाह र कानुनी व्यवस्थापनलाई सुदृढ बनाइएको छ।

**अध्यक्ष महोदय,**

आगामी कार्य दिशा स्पष्ट हुने गरी आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहान्छु।
बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन।

१. समावेशी, सन्तुलित तथा दिगो आर्थिक विकासमार्फत “समृद्ध अजयमेरु ”निर्माण गर्नु।
२. कृषि, पर्यटन, उद्योग र उद्यमशीलताको विकासमार्फत रोजगारी सिर्जना र गरिबी न्यूनीकरण गर्नु।
३. सुशासन, पारदर्शिता र नागरिकमैत्री सेवा प्रवाहलाई डिजिटल प्रविधिमार्फत प्रभावकारी बनाउनु।
४. स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्दै आन्तरिक राजस्व वृद्धि र वित्तीय आत्मनिर्भरता हासिल गर्नु।
५. सामाजिक सुरक्षा, लक्षित वर्ग उत्थान र सामाजिक न्याय सुनिश्चित गर्नु।
६. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा मानव पुँजी विकासमार्फत दक्ष जनशक्ति निर्माण गर्नु।
७. योजनाबद्ध, गुणस्तरीय र दिगो भौतिक पूर्वाधार विकास गर्नु।
८. वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन प्रणाली सुदृढ गर्नु।
९. डिजिटल शासन प्रणाली विस्तार गरी सेवा प्रवाहलाई सरल, छिटो र प्रभावकारी बनाउनु।
१०. संघ, प्रदेश, निजी क्षेत्र तथा विकास साझेदारसँगको समन्वय र सहकार्य सुदृढ गर्नु।

बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन।

१. कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रीकरण र उत्पादन तथा उत्पादकत्व वृद्धि,
२. युवा लक्षित रोजगारी सिर्जना, उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन,
३. पर्यटन पूर्वाधार विकास तथा ऐतिहासिक एवं सांस्कृतिक सम्पदाको संरक्षण,

४. गुणस्तरीय, जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षा प्रणाली विकास,
५. आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा विस्तार र सुदृढीकरण,
६. सडक, पुल, भवन तथा अन्य भौतिक पूर्वाधार विकास,
७. खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रम सुदृढीकरण,
८. सुशासन, डिजिटल सेवा प्रवाह र संस्थागत क्षमता विकास,
९. महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक सशक्तीकरण,
१०. वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण

**अध्यक्ष महोदय, तथा**
**गाउँसभा सदस्य ज्यूहरु**

अव म उल्लेखित उद्देश्य र प्राथमिकताका आधारमा आर्थिक वर्ष २०८३/८४ को क्षेत्रगत कार्यक्रम र विनियोजन यहाँहरु समक्ष पेश गने अनुमती चाहान्छु ।

**१) आर्थिक क्षेत्र**

**क) कृषी तथा पशु**

१. समावेशी, सन्तुलित तथा दिगो आर्थिक विकास मार्फत" समृद्ध अजयमेरु " निर्माण गर्ने लक्ष्य सहित कृषि प्रणालीलाई भौगोलिक सापेक्षता, वातावरणीय तथा जलवायु अनुकूलतामा आधारित आधुनिक प्रणालीमा रूपान्तरण गर्दै आर्थिक वृद्धिको दिगो आधार तयार गर्ने नीति अवलम्बन गरिएको छ। कृषि क्षेत्रको व्यवसायीकरण, वैज्ञानिकरण र विविधीकरण विना हाम्रो अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार सम्भव नहुने यथार्थलाई आत्मसात गर्दै कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रीकरण तथा उत्पादन र उत्पादकत्व वृद्धिलाई उच्च प्राथमिकता दिंदै आवश्यक रकम विनियोजन गरेकीछु।
२. व्यावसायिक गाई र भैंसी पालनमा संलग्न कृषकहरूको उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा पशु स्वास्थ्य सुदृढीकरणलाई लक्षित गर्दै पशु सुत्केरी आहार भत्ता रु. २५००/- प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएकिछु।
३. कृषकहरूको क्षमता विकासका लागि कृषक तालिम, कृषि प्रदर्शनी तथा आधुनिक प्रविधिको विस्तार कार्यक्रम सञ्चालन, उन्नत तथा परम्परागत बीउ

वितरण, भकारो सुधार, तरकारी नर्सरी स्थापना, स्थानीय कुखुरा तथा च्याउ उत्पादन, फलफूल कलमीमार्फत उन्नत बिरुवा उत्पादन र घाँसखेती प्रवर्द्धनलाई प्राथमिकता राख्दै सहकारी तथा समूहमार्फत कुखुरा पालन व्यवसाय, निजी कृषि तथा पशुपालन फर्महरूको विकास र कृषक उद्यमशीलता कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकिछु।

४. गाउँपालिकाको प्रमुख सम्भावनाका रूपमा रहेका भटमास, मकै तथा रैथाने बालीहरूको उत्पादन वृद्धि गर्न बीउमा अनुदान लगायतका प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नुका साथै हिउँदे तथा वर्षे फलफूलका बिरुवा वितरण तथा खाद्यान्न र दलहन बीउ वितरण कार्यक्रम समेत सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकिछु। प्रदेश सरकारको समन्वयमा रैथाने कृषि तथा बाख्रा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम विकास कार्यक्रमका लागि २० लाख ५० हजार रकम विनियोजन गरेकिछु।

५. पशुपन्छीमा लाग्न सक्ने सम्भावित महामारीजन्य रोगहरूको पहिचान तथा नियन्त्रणका लागि रोगको नमुना संकलन गरी अनुसन्धान तथा अन्वेषण गर्ने उद्देश्यले नमुना संकलन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकिछु।

६. कृषि तथा पशुजन्य उत्पादनमा बढोत्तरी गर्ने किसानलाइ प्रोत्साहन स्वरुप पुरस्कार तथा सम्मानको व्यवस्था गरेकी छु।

७. भैसी प्रवर्धन कार्यक्रमका लागि रु ६ लाख ४० हजार विनियोजन गरेकी छु।

८. कृषिजन्य जमिनमा सिचाइको पहुँच पुर्‍याउने कार्यक्रम अन्तर्गत साना सिंचाइ कार्यक्रम तथा पानीका मुहान संरक्षण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

९. प्रदेश सरकारको समन्वयमा महिलाहरुको आय आर्जन तथा जीविको पार्जन सुधार कार्यक्रमका लागि २० लाख ५० हजार रकम विनियोजन गरेकिछु।

१०. कृषि तथा पशु विकास तर्फ कार्यक्रम कार्यान्वयनका लागि रु ७८ लाख ८ हजार रकम विनियोजन गरेकिछु।

**ख) पर्यटन तथा संस्कृतीः**

१. गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रहरूको पहिचान गरी पर्यटन पूर्वाधारको विकासमार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने नीति अनुरूप अजयमेरु कोटको पुनर्निर्माणका लागि संघीय सरकारसँग समन्वय गरी आवश्यक बजेट विनियोजन गरेकी छु।

२. गाउँपालिकाका सबै वडामा रहेका पार्कहरूको व्यवस्थापन, स्तरोन्नति तथा आवश्यक पूर्वाधार विकासका लागि रु. ९ लाख विनियोजन गरेकी छु ।

३. स्थानीय चाडपर्व, मेला, दिवस संरक्षण तथा सम्बर्धनका लागि प्रचारात्मक तथा प्रवर्धनात्मक कार्यक्रम गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

४. पालिकामा रहेका परम्परागत सँस्कृतिहरूको संरक्षणका लागि सँस्कृति प्रवर्धन कार्यक्रम अन्तर्गत एकमुष्ट रु १० लाख रकम विनियोजन गरेकी छु ।

५. प्रदेश सरकारको समन्वयमा न्याउलि बामन नाठ यज्ञ शाला तथा भान्सा निर्माण अजयमेरु ६ रु ३० लाख, गंगेश्वर चौखाम पर्यटन पुर्वाधार अजयमेरु ६ रु १० लाख, जगन्नाथ मन्दिर प्याराफिट अजयमेरु ४ रु ३० लाख, एतिहासिक केलाडी गाउँ घेरवार तथा संरक्षण योजना अजयमेरु ४ रु १५ लाख, बेताल मन्दिर निर्माण योजना अजयमेरु २ रु १० लाख, पिपलचौतारा पिस पार्क निर्माण योजना अजयमेरु ६ रु १० लाख, समैजि मन्दिर निर्माण अजयमेरु १ बकायल रु १५ लाख, ब्रह्म पिचास मन्दिर सुधार यज्ञशाला निर्माण अजयमेरु ६ घोरसिला रु १० लाख, वर्मदेव मन्दिर घेरवार अजयमेरु ४ वेलिपुर रु १० लाख रकम विनियोजन गरेकिछु।

८. आन्तरिक तथा वाह्य पर्यटन प्रवर्धन तथा पर्यापर्यटन पूर्वाधार विकास कार्यक्रम अजयमेरु ६ का लागि रु ३० लाख विनियोजन गरेकिछु।

**ग) सहकारी**

१. गाउँपालिका भित्रका सबै सहकारी संस्थाहरूलाई मर्ज गर्न प्रोत्साहन गर्दै सहकारीहरूको स्तरीकरण र सवलीकरण गर्ने उद्देश्यले सहकारीको गठन, पुनर्गठन तथा विस्तारलाई प्रवर्द्धन गरिनेछ। साथै कृषि क्षेत्रलाई सहकारीसँग प्रभावकारी रूपमा जोड्दै संस्थागत क्षमता अभिवृद्धिका लागि व्यवस्थापन तथा लेखापालनसम्बन्धी तालिम सञ्चालन आवश्यक रकम विनियोजन गरेकी छु ।

२. सहकारी साक्षरता प्रवर्धन गरी पालिकामा रहेका साना उद्यमीहरूलाई सहकारीसँग आवद्ध गर्न गैर सरकारी संस्थाहरूलाई परिचालन गर्ने व्यवस्था मिलाएकी छु ।

## २. सामाजिक क्षेत्र

### क) शिक्षाः

१. गाउँपालिका भित्र रहेका आर्थिक रूपमा विपन्न तथा जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनमा प्रोत्साहन गर्न MBBS अध्ययन छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि रु ३ लाख रकम विनियोजन गरेकीछु ।

२. शिक्षामा सवैको पहुँच पुऱ्याउदैं प्राविधिक र व्यवसायिक बनाउने नीति तथा कार्यक्रमलाइ यस वर्ष पनि निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेकी छु ।

३. भौतिक रुपमा अति आवश्यक देखिएका विद्यालयको पहिचान गरि पुर्वाधार विकास कार्यक्रम संचालन तथा मर्मत संभारको लागि रु ३ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।

४. शिक्षक, अभिभावक तथा विद्यार्थी विच निरन्तर अन्तरक्रिया तथा प्र.अ. वैठक संचालन गर्न गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

५. शैक्षिक गुणस्तर सुधारका लागि चौथो शैक्षिक सम्मेलन आयोजना गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

६. शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षक तथा विद्यालय कर्मचारी, वालविकास सहयोगी कार्यकर्ताको मनोवल उच्च राख्न तालिमको ब्यवस्था गरेकी छु ।

७. शिक्षक अभावको समस्यालाइ न्युनिकरण गर्नै कार्यक्रम निरन्तरता दिन तथा थप शिक्षक भर्ना गर्न तथा स्वयमसेवक शिक्षक कार्यक्रमलाइ निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेकी छु ।

८. कक्षा पाँच, आठ र विद्यालय तहका परिक्षालाई थप प्रभावकारी वनाउन तथा सम्पुर्ण कक्षाका सम्पुर्ण परिक्षा गाउपालिका स्तरमा संचालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

९. बालक्लब, जुनियर रेडक्रस तथा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्न र प्रारम्भिक वालविकास कार्यक्रमका लागि रु ६ लाख ४० हजार आवस्यक बजेट विनियोजन गरेकी छु ।

१०. विद्यालयका बालबालिकाको शैक्षिक भ्रमण तथा व्यवस्थापनमा सहजीकरण गर्न रु १ लाख ५० हजार रकम प्रवन्ध गरेकी छु ।

११. आधारभूत तह कक्षा १-८ को लागि स्थानीय पाठ्यपुस्तक छपाई गरि निशुल्क वितरणका लागि रु ८ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।

१२. विद्यालयमा कार्यरत शिक्षकहरूलाई सूचना प्रविधिसँग आवद्ध गराउन तालिम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

१३. विद्यालय नर्स कार्यक्रमको लागि रु. २२ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।

१४. अजयमेरु गाउँपालिका अन्तर्गत कार्यरत विद्यालय कर्मचारीहरुलाइ थप पारिश्रमिकको व्यवस्था गरेकी छु ।

१५. विद्यालयको सिकाइलाई आधुनिक AI प्रविधिको प्रयोग सहितको सिकाइसँग जोड्न सूचना प्रविधि तालिमका लागि आवश्यक प्रवन्ध गरेकिछु।

**१६. शैक्षिक कार्यक्रम सञ्चालन गर्न रु २० करोड ७६ लाख ५१ हजार रकम विनियोजन गरेकिछु।**

**ख) स्वास्थ्य**

१. मोवाइल भिडियो एक्सरे सेवा, सामुदायीक स्वास्थ्यलाइ प्रभावकारी वनाउन समुदायमा नियमित स्वास्थ्यकर्मी भेटघाट कार्यक्रम, डाक्टर सहितको स्वास्थ्य शिविर बाल स्वास्थ्य, खोप, पोषण, भिटामिन ए कार्यक्रमलाई प्रभावकारी बनाउन तथा स्वास्थ्य सेवाका नियमित कार्यक्रम सचालन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

२. स्वास्थ्य चौकीहरुमा प्राविधिक जनशक्ति सहित संचालीत ल्यावलाइ निरन्तरता दिदैं थप प्रभावकारी वनाउन आवश्यक रकम विनियोजन गरेकी छु ।

३. आधारभुत स्वास्थ्य सेवामा सबैको पहुच पुऱ्याउन औषधि खरिदका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

४.सामुदायीक स्वास्थ्य ईकाईहरु सञ्चालनमा ल्याइ निरन्तरता गर्नका लागी आवश्यक बजेट विनियोजन गरेकी छु ।

५.अजयमेरु गाउँपालिकाका सबै वडाहरुमा एकीकृत स्वास्थ्य शिविर संचालन गर्नका लागि आवश्यक बजेट रकम विनियोजन गरेकी छु ।

७.गाउँघरमा डाक्टर कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

८.अध्यक्षको चाहना स्वस्थ र निरोगी जनता कार्यक्रम को लागि आवश्यक रकम विनियोजन गरेकी छु।

९.अजयमेरु गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको बर्षको २ पटक ब्लड प्रेसर, सुगर, पिसाव, पिसावामा प्रोटिनको मात्राको निशुल्क जांच गर्न आवस्यक रकम विनियोजन गरेकी छु ।

१०.गर्भवती जांच प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएकी छु ।

११.स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्डलाइ प्रभावकारी बनाउन आवस्यक बजेटको सुनिश्चितता गरेकी छु ।

१२. गाउँपालिकाका स्वास्थ्य संस्थालाई डिजिटल हेल्थसँग आवद्ध गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

१३.क्षयरोग मुक्त अभियान कार्यक्रमको निरन्तरताका लागि बजेट विनियोजन गरेकी छु ।

१४. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रमका लागि रु २५ लाख विनियोजन गरेकिछु।

१५. स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन रु ५ करोड ७० लाख रकम विनियोजन गरेकिछु।

**ग) खानेपानी तथा सरसफाई**

१. खानेपानीमा सवैको सहज पहुँच पुर्‍याउदै स्वच्छ खानेपानी पुर्‍याउने नीति अनुरुप पानी मुहानहरु रिचार्ज गर्न, पुराना नाउला, पौवा, धारा, मगराउ संरक्षण सम्बर्धन गर्न ,बजार व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउँदै फोहोर व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

२.गाउपालिकामा संचालनमा रहेका खानेपानी योजनाहरुको मर्मत सम्भारका लागि वडा कार्यालयहरु मार्फत आवश्यक बजेट विनियोजन गरेकी छु ।

३. सोर्नाया डागेश्वरी लिफ्ट खानेपानी आयोजना यसै आर्थिक वर्षमा सम्पन्न गर्न संघीय समपूरक अनुदान सहित आवश्यक रकम बिनियोजन गरेकी छु ।

४. गाल पिलायल बगजेउला खानेपानी तथा सरसफाई योजना, प्रयोगकर्ता मैत्री शौचालय निर्माण(सहश्रलिङ्ग मा वि शौचालय निर्माण), घट्टीगाड खानेपानि तथा सरसफाई योजना, जलवायु मैत्री तरकारी खेती तथा ग्रीन हाउस सहयोग र देवल

खोला मुद्राड गोलापुर सिचाइ योजना सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरेकिछु।

**घ) खेलकुद तथा मनोरञ्जन**

१. दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुद विकासको नीतिअनुरुप समग्र खेलकुद कार्यक्रमलाइ समन्वय गर्न गाउँपालिका स्तरीय खेलकुद विकास समिति क्रियाशिल वनाउन गाउँपालिकाको आफ्नै योजना वा अन्य साझेदार संस्था मार्फत गाउँपालिका स्तरीय, विद्यालय स्तरीय अध्यक्ष कप प्रतियोगिता, माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिंङ शिल्ड प्रतियोगिता र आधारभुत विद्यालय स्तरीय रनिंङ शिल्ड प्रतियोगिता संचालन लगायत विभिन्न खेलकुद प्रतियोगीता संचालन गर्न रु २७ लाख विनियोजन गरेकी छु ।

२. शिक्षक कर्मचारी मैत्रीपुर्ण खेलकुद प्रतियोगिता गर्नको लागि रु ८० हजार विनियोजन गरेकी छु ।

५. अजयमेरु गाउँपालका अन्तर्गत कार्यरत खेलकुद प्रशिक्षकलाइ निरन्तरता प्रदान गरेकी छु ।

**ङ) लैङ्गिक समानता र समावेशीकरण**

१. एकल महिलासँग उपाध्यक्ष कार्यक्रमका लागी रु २ लाख ५० हजार विनियोजन गरेकी छु ।

२. सार्वजनिक सेवा प्रवाह, विकास निर्माणका सवै क्षेत्रमा लक्षीत वर्गको सम्मानजनक उपस्थिती गराउने नीति अनुरुप महिलाको आयआर्जनमा अभिबृद्धि गर्न उद्यमसिल तथा सिपमुलक कार्यक्रम संचालन गर्न दलित, विपत्र समुदाय तथा अपाङ्गहरुका लागि सीप विकास तथा क्षमता अधिवृद्धि सम्बन्धी कार्यक्रम सन्चालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

३.लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्बोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण र पिडित महिलालाई संरक्षण कार्यक्रमका लागी लैंगिक हिंसा निवारण कोषलाई यथाबत गरेकी छु ।

४. “ज्येष्ठ नागरिकसँग जयराज कार्यक्रम ”अन्तर्गत गाउँपालिका भित्र रहेका दीर्घरोगी ज्येष्ठ नागरिकहरूलाई निःशुल्क औषधि वितरण गर्ने कार्यक्रमलाई

निरन्तरता दिँदै उक्त कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न रु ३ लाख बजेट विनियोजन गरेकी छु ।

५. हिंसा प्रभावित तथा संरक्षणको आवश्यकता रहेका व्यक्तिहरूलाई सुरक्षित आश्रय प्रदान गर्न सेफ हाउस सञ्चालन तथा व्यवस्थापनका लागि रु १ लाख तथा सडक उद्धार मानवहरूको, संरक्षण, पुनर्स्थापना र व्यवस्थापनका लागि आवश्यक बजेट विनियोगन गरेकिछु।

६. महिला सशक्तीकरण तथा सामाजिक-आर्थिक रूपान्तरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले "द्वारिका देवी ठकुरानी महिला सशक्तीकरण कार्यक्रम" अन्तर्गत पछाडि परेका, पारिएका तथा विपन्न महिलाहरूको क्षमता विकास, आत्मनिर्भरता अभिवृद्धि र आयआर्जनमा सहयोग पुर्‍याउन रु ३ लाख बजेट विनियोजन गरेकी छु ।

७. बालबालिकाको नेतृत्व विकास, प्रतिभा प्रस्फुटन, अनुशासन तथा सामाजिक सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले बाल क्लब तथा स्काउट परिचालन, बालमैत्री गतिविधि सञ्चालन एवं विभिन्न बाल प्रतियोगिताहरू आयोजना गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

८. लोकतान्त्रिक आन्दोलन तथा सशस्त्र द्वन्द्वका क्रममा योगदान पुर्‍याएका शहीद परिवार, घाइते, जेलबन्दी तथा द्वन्द्वपीडित व्यक्तिहरूको सम्मान, स्मरण र हौसला अभिवृद्धिका लागि रु २ लाख बजेट विनियोजन गरेकी छु ।

९. सकारात्मक सोच तथा मानसिक र सामाजिक स्वास्थ्य प्रवर्धनका लागि मनोसामाजिक कार्यक्रम सञ्चालन गर्न रु २ लाख रकम विनियोजन गरेकिछु।

१०. सकारात्मक सोच विकास तथा योग अभ्यास सञ्चालन गर्न आवासिय योग व्यवस्थापनका लागि  रु ३ लाख विनियोजन गरेकिछु।

**३. पूर्वाधार विकास क्षेत्रः**

**क) स्थानीय सडक र यातायात**

१. वर्षामा हुने सडक क्षतीको कारण सडक अवरुद्ध हटाउन तथा सडक सरसफाइ र अन्य आकस्मीक सार्वजनीक मर्मतका लागि रकम रु २५ लाख विनियोजन गरेकी छु ।

२. प्रदेश सरकार समपुरक तर्फ चौड बनलेक भद्रपुल सडक स्तरोन्नतीका लागि रु १६ लाख ८६ हजार बजेट र पालिका सम्पुरक तर्फबाट ६७ लाख ४१ हजार रकम विनियोजन गरेकिछु।

४. प्रदेश सरकारको समन्वयमा स्यालभारि वेउरा सडक निर्माण अजयमेरु २ सडक स्तरोन्तीका लागि रु १० लाख विनियोजन गरेकिछु

**ख) सिंचाई**

१.साना तथा मझौला सिंचाईहरुको विस्तार र सुदृढ गर्ने नीति अनूरुप अवरुद्ध भएका साना तथा मझौला सिंचाईलाई सुचारु गराउँदै केही नया सिंचाई योजनाको शुरुवात गर्न प्रदेश सरकार तथा गाउँपालिका मार्फत आवश्यक रकम विनियोजन गरेकी छु ।

२.साना सिचाई मार्फत सिचाई सुविधा उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेकी छु ।

**ग) भवन तथा सहरी विकास**

१. भवन निर्माण आचार संहिता-२०७२ अनुरुप गाउँपालिका स्तरीय आचार संहिता निर्माण गरि भवन निर्माण र शहर व्यवस्थापनको नीति कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएकी छु ।

२. गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गर्नका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

३. स्वीकृत गुरु योजनाका आधारमा संघ सरकारसँगको साझेदारिमा विद्यालय पूर्वाधार विकासका लागि आवश्यक वजेट विनियोजन गरेकिछु।

**घ) सञ्चार**

१. गाउँपालिकाको कार्यालय र मातहतका वडा कार्यालय स्वास्थ्य संस्था विद्यालयहरूमा एकीकृत विद्युतीय हाजिरी प्रणालीलाई निरन्तरता दिई व्यवस्थित गर्नका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

२. सबै गाउँपालिकाका कार्यालयमा, शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा फाइवर सहितको द्रुत गतिको इन्टरनेट तथा गाउँपालिका भरीका कार्यालय जोड्न इन्ट्रानेट सुविधा जडान कार्यका लागी आवश्यक बजेट विनियोजन गरेकी छु गरेकी छु ।

३. अभिलेख तथा सूचना व्यवस्थापन डिजिटलाइजेसन कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेकिछु।

४. सूचना प्रिविधि इन्टरनेट, ई हाजिरी तथा सिसि टिभि तथा कार्यालय अटोमेसन कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेकिछु

**४) वन ,वातावरण तथा विपद व्यवस्थापन**

१.बनविनास र क्षयीकरण रोक्दै बनको संरक्षण व्यवस्थापन र बृक्षारोपण गरि बन विकास मार्फत प्राकृतिक श्रोतको व्यवस्थापनको नीति अनुरुप बन तथा बातावरण संरक्षणका लागि वन तथा भूसंरक्षण तर्फ रु १० लाख विनियोजन गरेकिछु।

२.प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम रु १० लाख विनियोजन गरेकी छु ।

**५) संस्थागत विकास,सेवा प्रवाह र सुशासन**

१.व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत गर्न तथा सामाजिक सुरक्षा दर्ता अनलाइन मार्फत गर्न र राजश्व प्रणलीलाइ कम्प्युटराइज्ड गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

२. न्यायमा सबैको पहुच सुनिश्चित गर्न न्यायिक समिति संचालनका लागि आवश्यक रकम विनियोजन गरेकी छु । साथै गाउँपालिकाका वडाहरुमा कृयाशील सामुदायिक मेलमिलाप केन्द्रहरुको विविध क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

३. जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी, शिक्षक, क्षमता अभिबृद्धिका गर्नका लागी मानव संसाधान विकास कार्यक्रममा रु १० लाख रकम बजेट विनियोजन गरेकी छु ।

४. सम्पुर्ण राष्ट्रसेवक कर्मचारी, शिक्षक, विद्यालय कर्मचारीहरुको मनोवल उच्च राख्न एकमुष्ट प्रोत्साहन खर्च उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेकी छु ।

५. उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधी, कर्मचारी, विषयगत शाखा, वडा कार्यालयलाई लगायत पुरस्कृत गरि प्रोत्साहन गर्ने आवश्यक रकम विनियोजन गरेकी छु ।

६. गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादन, कार्यअनुभब, कार्यप्रकृति अनुसार करार सम्झौता थप गरी काममा निरन्तरताका लागि सेवा परामर्स शीर्षकमा आवश्यक बजेट विनियोजन गरेकी छु।

७. गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको मनोबल उच्च राख्न ५ हजार थप प्रोत्साहन भत्ता दिन आबश्यक बजेट विनियोजन गरेकी छु ।

८. गाउँपालिकामा बैदेशिक रोजगारबाट फर्किएका तथा रोजगारि नभएकाहरुलाइ मनोसामाजिक परामर्श प्रदान गर्न संघिय सरकार संगको साझेदारीको लागि आबश्यक बजेट विनियोजन गरेकि छु ।

९. रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकममा साझेदारी गर्नका लागि रु ११ लाख ४७ हजार बजेट विनियोजन गरेकी छु ।

१० दैलोमा सरकारको कार्यक्रमलाई निरन्तरता दिदै कार्यक्रम सञ्चालन तथा व्यवस्थापन तर्फ रु ३ लाख रकम विनियोजन गरेकिछु।

११ साहित्य, कला, संस्कृति, संगीत तथा सामाजिक क्षेत्रमा उल्लेखनिय कार्य गरेका श्रष्टा सम्मान कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेकिछु।

१२ यस गाउँपालिकामा कार्यरत कर्मचारिहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नका लागि रु ५ लाख ५० हजार रकम विनियोजन गरेकिछु।

१३. यस गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी विगत स्थानीय निकायबाट समायोजन भई आएका कर्मचारिहरुको अवकास कोषका लागि आवश्यक वजेट विनियोजित गरिएको र प्रदेश एकीकृत अवकास कोषमा तोकिए वमोजिमको रकमका लागि आवश्यक रकम विनियोजन गरेकिछु।

**६) विविध**

१. गाउँपालिकाभित्र कार्यरत गैह्रसरकारी संस्थाहरू Educational पेजेज, सामुदायिक विकास केन्द्र, राष्ट्रिय मुक्त हलिया समाज महासंघ, एकीकृत विकास समाज, वहुउद्देश्यीय विकास समाज लगायत तथा सरकारी प्रतिष्ठान र यूनिसेफ नेपाल लगायत संघसंस्थाहरू सँगको साझेदारिमा कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

२.वडाहरुमा टोल विकास संस्था गठन मार्फत जनसहभागीता अभिबृद्धी कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

३. गाउँपालिकाका नागरिकहरुलाई बैकल्पिक चिकित्सा पद्धती प्रति आकर्षण गराई स्वस्थ बनाउन योग/ध्यान सिबिर तथा नागरिक आरोग्ग केन्द्रको प्रभाबकारी सञ्चालनका लागि संघीय ससर्त कार्यक्रमबाट आवश्यक बजेट विनियोजन गरेकी छु ।

४. छिमेकी स्थानीय सरकारहरुसँग साझेदारी तथा समन्वय गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

५. जिल्लास्थित शैक्षिक संस्थाहरू तथा बालगृहलाई सहयोग गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

६. प्राथमिक स्वास्थ्य सेवा र स्वास्थ्य व्वयवस्थापन कार्यक्रम, कृषि स्नातक कार्यक्रम कार्यान्वयन, लघु उद्यम कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम, Geo-referenced Supply, Sanitation and Hygine (WASH) Plan कार्यक्रम, रोजगारी प्रवर्धन कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम, राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम, बहुक्षेत्रिय पोषण कार्यक्रम, पशुपन्छि महामारि नियन्त्रण तथा आकस्मिक कार्यक्रम, परिवार कल्याण कार्यक्रम, नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, आर्युवेद सेवा कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, महामारि रोग नियन्त्रण कार्यक्रम, उपचारात्मक सेवा कार्यक्रम, राष्ट्रिय महिला सशक्तिकरण परियोजना, कालामाटा सैलेनी झोलुङ्गे पुल निर्माण कार्यका लागि आवश्यक वजेट व्यवस्थापन गरिएकोछ।

७. संघीय सरकारसँगको समन्वयमा सोर्नाया डागेश्वरी खानेपानी तथा सिंचाइ बहुउद्देश्यी लिफ्ट योजना अजयमेरु ६ का लागि सम्पुरक सहित रु १ करोड ५० लाख रकम विनियोजन गरिएकोछ।

८. यस अजयमेरु गाउँपालिकामा निर्माण भएका भौतिक संरचनाहरु तथा पूर्वाधारहरुको मर्मत सम्भार तथा संरक्षणका लागि रु १५ लाख विनियोजन गरेकिछु।

९. सडकमा हुने दुर्घटना न्यूनिकरण तथा सचेतना कार्यक्रमका अन्तरगत सडक संकेत तथा ट्राफिक सचेतनाका लागि रु २ लाख ५० हजार रकम विनियोजन गरेकिछु।

१०. यस गाउँपालिकामा रहेका यूवाहरुलाई सीपमूलक तालिम सञ्चालन गरी युवा सीपमूलक तालिम सञ्चालनका लागि रु ५ लाख विनियोजन गरेकिछु।

११. पर्यटन गुरुयोजना, SOP निर्माण, जलस्रोत गुरुयोजना, डिजिटल योजना बैंक र भूउपयोग गुरुयोजना निर्माणका लागि रु २५ लाख विनियोजन गरेकिछु।

१२. यस गाउँपालिकामा कार्यरत कर्मचारीहरूको मनोवल अभिबृद्धि तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आधारभूत तलबमा १० प्रतिशत र कार्य सम्पादनमा आधारित १० प्रतिशत गरी कुल २१ प्रतिशत तलब बृद्धि गरिएको छ।

१३. बालविकास कर्मचारी, विद्यालय कार्यालय सहयोगी र लेखा सहायक, स्वयमसेवक शिक्षक, स्वास्थ्य तर्फका कर्मचारीहरु, सेवा करार र कार्यालय

सहयोगीहरुको गाउँपालिकाबाट प्रदान गरिने सुविधामा थप दुइ हजार मासिक तलबमा वृद्धी गरेकिछु।

१४. संगठन तथा व्यवस्थापन सम्बन्धी सबै कामलाई सम्पन्न गरिने छ।

सम्मानित गाउसभा अध्यक्ष ज्यू

अव म वजेटको विनियोजन र स्रोतको ब्यवस्था सम्वन्धि आधारहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आर्थिक वर्ष २०८३।०८४ का लागी अनुमान गरएिको खर्च ब्यहोर्ने स्रोत मध्ये आन्तरीक राजश्ववाट रु ५० लाख, अल्या बाट २ करोड ५१ लाख १५ हजार, नेपाल सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदानवाट रु ८ करोड ५० लाख, नेपाल सरकारवाट राजश्व वाडफाड भइ प्राप्त हुने रु ८ करोड ५५ लाख ५६ हजार, नेपाल सरकारवाट प्राप्त शशर्त अनुदान चालु तर्फ रु २२ करोड ७९ लाख तथा पुजिगत तर्फ ५० लाख, प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदानवाट रु ७४ लाख ८५ हजार, प्रदेश सरकारवाट राजश्व वाडफाड भइ प्राप्त हुने रु २६ लाख २५ हजार, प्रदेश सरकारवाट प्राप्त सशर्त अनुदानबाट रु १ करोड ६० लाख रहनेछ । साथै प्रदेस सरकार वाट समपुरक अनुदानबाट ९७ लाख ४१ हजार र प्रदेश सरकारको विशेष अनुदानवाट ६६ लाख ५० हजार, संघिय सरकारवाट विशेष अनुदानबाट ७० लाख र संघिय सरकार समपुरक अनुदान वापत ७५ लाख प्राप्त हुनेछ भन्ने अनुमान गरेकी छु। यसरी कुल आय ४९ करोड ५ लाख ७२ हजार अनुमान गरेकी छु । साथै अनुमानित खर्च तर्फ चालु खर्च ९ करोड ८२ लाख ९६ हजार, विविध तथा पुँजिगत तर्फ ११ करोड २४ लाख ८५ हजार, संघीय र प्रदेश सरकारबाट प्राप्त सर्शत समपुरक र विशेष अनुदान कार्यक्रमबाट हुने चालु तथा पुँजीगत खर्च २७ करोड ९७ लाख ९१ हजार गरि जम्मा रु ४९ करोड ५ लाख ७२ हजार हुने अनुमान गरेकी छु ।

**गाउँसभाका अध्यक्ष महोदय,**

**अन्त्यमा,**

यस वजेटको कार्यान्वयनबाट नागरिकहरुलाई नजिकबाट सेवा प्रवाह गरी सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सूचक हरु (शिक्षा,

स्वास्थ्य, भौतिक पुर्वाधार, कृषि, सरसफाई खानेपानी) उल्लेखनीय प्रगती हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, आर्थिक क्रियाकलापमा बिस्तार हुने, नेपाल सरकार र सुदुरपश्चिम प्रदेश सरकारले लिएका निति र दिगो विकासका लक्ष्य, तथा नेपाल सरकारको सोह्रौं आवधिक योजना तथा गाउँपालिकाको पन्चवर्षिय योजनाको लक्ष्य प्राप्तिमा सहयोगी भुमिका निवार्ह गर्ने अपेक्षा गरेकी छु ।

प्रस्तुत वजेट तथा कार्यक्रम निर्माणमा मार्गदर्शन गर्नुहुने सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै वजेट तथा कार्यक्रम पारित गरी कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेकी छु ।

धन्यबाद

बसन्ती पाल

उपाध्यक्ष, अजयमेरु गाउँपालिका

मिति २०८३ असार १० गते रोज ३ सुभम्